# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - १५
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ जेठ २७ गते सोमबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको पन्ध्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०५ बजे** प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आफ्नो आसन अगाडि उठ्नु भएपछि सम्माननीय अध्यक्षले माननीय बद्री प्रसाद पाण्डेलाई आफ्नो भनाइ राख्न अनुमति दिनुभयो ।

तत्पश्चात्, माननीय बद्री प्रसाद पाण्डेले गुठी विधेयकको विरोधमा सरोकारवालाहरूले माइतीघर मण्डलामा गरेको शान्तिपूर्ण भेलामाथि सरकारले बर्वरतापूर्वक दमन, लाठी चार्ज र पानीका फोहरा प्रयोग गरी धेरैलाई घाइते बनाएको र केहीलाई गिरफ्तार समेत गरेकोप्रति घोर भर्त्सना गर्दै सो सम्बन्धमा सरकारले स्पष्ट धारणा नदिएसम्म सदन चल्न नदिने जनाएपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूलाई पटकपटक बस्न आग्रह गर्दै यस सम्बन्धमा सम्बन्धित मन्त्रीले जवाफ दिनुहुने बताउनु भए तापनि माननीय सदस्यहरू नबसेपछि सम्माननीय अध्यक्षले **विहान ११:१५ बजेट १५** मिनेटको लागि बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले दिनको १२:०५ बजे सभाको स्थगित बैठक प्रारम्भ भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **गुठी विधेयक, २०७५** का सम्बन्धमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमा सदनलाई जानकारी गराउन **माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याल**लाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याल**ले गुठी विधेयक, २०७५ का सम्बन्धमा सदन समक्ष दिनु भएको जवाफमा केन्द्रित रही जिज्ञासा राख्न चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. राधेश्याम अधिकारी २. मा. वृषेशचन्द्र लाल ३. मा. सरिता प्रसाईं

तत्पश्चात्, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले माइतीघर मण्डलामा भएको घटना सम्बन्धमा गृहमन्त्रीले सदन समक्ष स्पष्ट जानकारी दिनुपर्ने माग गर्नुभयो । यसैक्रममा, मा. सुरेन्द्र राज पाण्डेले मा. अर्थमन्त्रीको जवाफ अघि माननीय गृहमन्त्रीको जवाफ आउनुपर्ने अन्यथा सदनको कारबाही अघि बढ्न नसक्ने बताउनु भएपछि सम्माननीय अध्यक्षले निर्धारित कार्यसूचीमा प्रवेश गरौं र माननीय सदस्यहरूले भने झैं माननीय सदस्यहरूलाई गृहमन्त्रीको जवाफ आउने बताउनु भएपछि बैठक सुचारु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफल जारी रहेको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | |
|---|---|
| १. मा. खिमलाल भट्टराई | २. मा. सरिता प्रसाईं |
| ३. मा. रामलखन चमार | ४. मा. उदया शर्मा पौड्याल |
| ५. मा. वृषेशचन्द्र लाल | ६. मा. राजकुमार कुँवर |
| ७. मा. सिंग बहादुर विश्वकर्मा | ८. मा. प्रकाश पन्थ |
| ९. मा. हरिराम चौधरी | १०. मा. खेमराज नेपाली |
| ११. मा. तारादेवी भट्ट | १२. मा. महेश कुमार महरा |
| १३. मा. कमला कुमारी ओली | १४. मा. प्रमिला कुमारी |
| १५. मा. कविता बोगटी | १६. मा. बद्री प्रसाद पाण्डे |
| १७. मा. जीवन बुढा | १८. मा. नैनकला ओझा |
| १९. मा. नन्दा चपाई | २०. मा. धन कुमारी खतिवडा |

२१. मा. युटोल तामाङ २२. मा. नरपति लुवार

२३. मा. दीपा गुरुङ २४. मा. सुरेन्द्र राज पाण्डे

२५. मा. भैरव सुन्दर श्रेष्ठ

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै दिनको ३:५० बजे १:१५ मिनेटको निम्ति सभाको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले अपरान्ह ५:०५ बजे सभाको स्थगित बैठक प्रारम्भ भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृहमन्त्री राम बहादुर थापाले सार्वजनिक महत्वका विषयमा बोल्न समय माग गर्नुभएको जानकारी गराउँदै उहाँलाई बोल्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय गृह मन्त्री राम बहादुर थापाले** सभा समक्ष दिनु भएको सार्वजनिक महत्वको विषयमा केन्द्रित रही जिज्ञासा राख्न चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई आफ्ना स्पष्टीकरण माग गर्न समय उपलब्ध गराउनुभयो :

१. मा. बद्री प्रसाद पाण्डे २. मा. प्रकाश पन्थ ३. मा. रमेश प्रसाद यादव

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न माननीय गृहमन्त्री राम बहादुर थापालाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गर्नुभएको "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा जवाफ दिन **माननीय अर्थमन्त्री डा. युवराज खतिवडा**लाई समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको जवाफका सम्बन्धमा "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्र एक मिनेटभित्र आफ्ना स्पष्टीकरण माग गर्न सक्ने जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. प्रकाश पन्थ २. मा. बद्री प्रसाद पाण्डे

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई माननीय सदस्यहरूले उठाउनु भएका स्पष्टीकरणका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट)" माथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार २ गते सोमबार दिनको १:०० बजे** बस्ने गरी **अपरान्ह ५:४५ बजे** सभाको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव